नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बाँके, नेपालगञ्ज ।

०८१-५३०१८८
०८१-५२०२५०
Fax : ०८१-५२०६७६
इमेलः cdonpj@gmail.com

प.सः-०७८/०७९ (स्था.प्र.)
च.न.-

मितिः-२०७९/०६/२४

## हातहतियार बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

आगामी मिति २०७९ मंसिर ०४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, निष्पक्ष र सुरक्षित वातावरणमा सम्पन्न गर्न गृह मन्त्रालय (निर्वाचन सेल) को च.न. ४४३, मिति २०७९/०६/१३ गतेको (सचिवस्तर) को निर्णयानुसार जिल्ला भित्र रहेको ईजाजत प्राप्त हातहतियारहरु मिति २०७९ कार्तिक ५ गते भित्र आ-आफ्नो नजिकको प्रहरी ईकाइमा लगत राख्ने गरी बुझाई भरपाई लिनुहुन अनुरोध छ । यसरी बुझाईएका हातहतियारहरु जिल्ला प्रहरी कार्यालय तथा प्रहरी ईकाइहरुमा सुरक्षित राखिने र निर्वाचन सम्पन्न भएको एक हप्ता पश्चात लगत कट्टा गरी हातहतियार धनीलाई नै फिर्ता गरिने व्यहोरा समेत जानकारी गराइन्छ । निर्धारित समयभित्र नबुझाएमा त्यस्ता व्यक्तिहरुको हातहतियार खोजतलास गरी कानून बमोजिम कारबाही अगाडि बढाईने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

२०७९/६/२४

सूर्य बहादुर खत्री
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner